# कोशी गाउँपालिकाको आ व २०८०।०८१ को वार्षिक बजेट नीति तथा कार्यक्रम

२०८०।०३।०७

श्री उपाध्यक्ष ज्यू
प्रमुख अतिथि .....................................ज्यू,
विशिष्ट अतिथिज्यूहरू,
श्री गाउँसभा सदस्यज्यूहरु,
श्री राजनीतिकदलका प्रतिनिधिज्यूहरु,
गाउँसभाका सचिव लगायत राष्ट्रसेवक सम्पूर्ण कर्मचारीहरु
संचारकर्मी एंव सभामा उपस्थित महानुभावहरु।

१. आर्थिक वर्ष २०८०।०८१ को वार्षिक बजेट नीति तथा कार्यक्रम प्रस्तुत हुने सम्मानित तेह्रौं गाउँसभाको बैठकमा उपस्थित गाउँ सभाका सदस्यज्यूहरु राष्ट्रसेवक कर्मचारीहरु संचारकर्मी लगायत सम्पूर्ण उपस्थित महानुभावहरुमा गाउँपालिका र स्वयं आफ्नो तर्फबाट यहाँहरु सबैलाई हार्दिक स्वागत गर्दै न्यानो अभिवादन व्यक्त गर्न चाहन्छु।

२. यो गरिमामय सभामा सर्वप्रथम म नेपालमा संघीय लोकतान्त्रीक गणतन्त्र स्थापनाका लागि जीवन उत्सर्ग गर्नुहुने शहीदहरु प्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दछु, घाइते हुनुभएका सम्पूर्णको स्वास्थ्य लाभको कामना गर्दै उच्च सम्मान प्रकट गर्दछु। साथै ति आन्दोलनहरुमा नेतृत्व गर्नुहुने अग्रज तथा साथ र सहयोग गरि योगदान दिनुहुने समस्त नेपाली दाजुभाई दिदीबहिनीहरुमा हार्दिक सम्मान प्रकट गर्दछु।

३. मुलुकमा संघीय शासन व्यवस्था लागु भई गाउँपालिका स्थापना भएपछिको यो १३ औं गाउँसभा हो भने हामी ७९ को स्थानीय निर्वाचनबाट आएका जनप्रतिनिधिका लागि यो चौथो गाउँसभा हो।

४. संघीयता संस्थागत गर्नका लागि पूर्वाधार, कानूनी व्यवस्था, संस्थागत व्यवस्था जस्ता चरण पुरा भइ्सकेको अवस्थामा कोशी गाउँपालिकाको अध्यक्ष गाउँपालिका राष्ट्रिय महासंघको कोशी प्रदेश अध्यक्ष जस्तो गरिमामय पदको नेतृत्व गर्ने अवसर पाउनु हामी सबैका लागि गौरवको विषय हो।

४. गाउँपालिकाको दोश्रो कार्यकालका लागि हामीले जिम्मेवारी सम्हालेदेखि पहिलो आर्थिक वर्ष पुरा हुन लागेको छ। हामीले ल्याएको नीति तथा कार्यक्रम र सो बमोजिमको बजेटबाट पहिलो वर्षमा हासिल गर्न सकेका उपलब्धिबारे समिक्षा गर्दै आर्थिक वर्ष २०८०/०८१ को लागि नीति तथा कार्यक्रम तय गर्न यो नियमित सभा आयोजना भएको हो।

६. सर्वप्रथम म हाम्रो उद्देश्य, लक्ष्यका तुलनामा चालु वर्षमा कोशी गाउँपालिकाले प्राप्त गरेका उपलब्धी तथा वर्तमान अवस्थाका सन्दर्भमा संक्षिप्त समिक्षा प्रस्तुत गर्न चाहन्छु -

गत वर्ष चालु आ.व. २०७९।0८० को लागि गाउँ सभामा रु ६५ करोड १३ लाख ५६ हजार ८४२ को बजेट प्रस्तुत गरिएको थियो। २०८० जेठ मसान्तसम्ममा जम्मा रु ५१ करोड ६६ लाख ४१ हजार २८६ हाम्रो सञ्जित कोषमा निकासा प्राप्त भइ ३८ करोड ९८ लाख ४१ हजार २३७ कुल बजेटको ५९.८३ प्रतिशत खर्च भएको छ।यसमध्ये चालु तर्फ २३ करोड ६२ लाख ३९ हजार १४० विनियोजित बजेटको ६३.२९ प्रतिशत र पूँजीगत तर्फ १५ करोड ३६ लाख २ हजार ०९७ विनियोजित बजेटको ५५.२० प्रतिशत खर्च भएको छ।

स्वास्थ्य तर्फ

१. पालिकाको आन्तरिक श्रोतबाट ४ वटा सामुदायिक स्वास्थ्य इकाई र २ वटा प्रसुतीगृह सञ्चालनमा ल्याइएकोमा यो प्रसुतीगृहको संख्या हाल ३ पुगेको छ। वडा नं.५ स्थित हुड्कीटोलमा प्रसुतीगृहबाट सेवा शुरु गरिएको छ। पिछ्डिएको समुदाय मानिने मल्धैया बस्ति र प्रभाकर टोलको मुसहर बस्तिलाई केन्द्रित गरी सञ्चालनमा ल्याइएको प्रसुति गृहबाट वडा नं.५ र ६ का अधिकांश महिला स्वास्थ्य लाभ लिन सक्नेछन्। हाल सम्म पनि घरमै प्रसुति गराई स्वास्थ्य जोखिम लिने बाध्यतामा रहेको महिलाहरु

प्रसुतिगृहको सेवाबाट खुशि देखिन्छन् । यसरी कोशी गाउँपालिका एउटै पालिका भित्र ३ वटा प्रसुति गृह सञ्चालनमा ल्याउने देश भरीकै पालिकाको सूचीमा परेको छ ।

२. कोशी गाउँपालिकाले यो वर्ष मात्रै २ स्थानमा प्रयोगशाला(ल्याब) सेवा सञ्चालनमा ल्याएको छ । लौकही स्थित स्वास्थ्य चौकीबाट ल्याब सेवा प्रदान हुँदै आएकोमा प्रसुति गृह सञ्चालनमा रहेको हरिपुर स्वास्थ्य चौकी र कुम्याही स्थित सामुदायिक स्वास्थ्य इकाईबाट पनि ल्याब सेवा प्रदान गर्ने व्यवस्था मिलाईएको छ । यो सँगै तीनैवटा प्रसुतीगृहमा ल्याब सेवा सञ्चालनमा आएको छ । यसका लागि गाउँपालिकाले आन्तरिक श्रोतबाट जनशक्ति व्यवस्थापन गरिएको छ ।

३. गाउँपालिकामा सञ्चालित अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम अन्तर्गत गर्भवति महिलाको लागि घुम्ती अल्ट्रासाउण्ड सेवालाई विस्तार गर्दै हाल आठ वटै स्वास्थ्य संस्थाबाट अल्ट्रा साउण्ड सेवा सञ्चालन गरिदैछ । पालिकाले आन्तरिक बजेटबाट दक्ष प्राविधिक जनशक्ति हायर गरी गर्भवति मात्र नभई कुनै पनि रोगको जाँच गराउन गुणस्तरीय अल्ट्रासाउण्ड सेवा सञ्चालन गर्दै आएको छ। साप्ताहिक रुपमा सेवा उपलब्ध हुने दिनको प्रचार प्रसार गरी शुरु गरिएको यो सेवाबाट मासिक हजार जना सम्मले लाभ लिइरहेका छन् । सामान्य चेकजाँचका लागि इनरुवा विराटनगर जानबाट बाध्य कोशीबासी  घर नजिकै निशुल्क सेवा पाएकोमा दंग छन् ।

४. पालिका क्षेत्रका स्वास्थ्य संस्थाबाट दैनिक ओपिडि सेवा, गर्भवति जाँच सेवा र समय समयमा सञ्चालन हुने गाउँ घर क्लिनिक, खोप सेवालाई गुणस्तरीय र सर्वशुलभ बनाउन यो वर्ष मात्रै १८ अठार जना स्वास्थ्य जनशक्ति करार सेवामा लिइएको छ ।

५.पालिका भरीको अपाङ्गता भएका व्यक्तिको व्यवस्थित प्रोफाइल तयारीकार्य सम्पन्न भएको छ । कुनै पनि वडामा बच्चा जन्मेको २८ दिनभित्र तालिम प्राप्त जनशक्तिले बच्चाको निरिक्षण गरी प्रतिवेदन दिने कार्य भइरहेको छ । कुनै समस्या देखिएमा तत्काल उपचारको व्यवस्था गरिन्छ । जन्मिदा अपाङ्गताको लक्ष्यण देखिएका १० जना बच्चालाई निशुल्क उपचार प्रदान गरी अपाङ्गता हुन बाट जोगाइएको छ । उपचारबाट निको हुने वा सुधार हुने १०४ जनालाई स्वास्थ्य उपचार गराईएको छ । चालु वर्षमा मात्रै आवश्यकता अनुसार कृतिम हात, कृतिम खुट्टा अन्यलाई आवश्कता अनुसार ३५ जनालाई सहायक सामाग्री उपलब्ध गराईएको छ ।

६. जमुवा नहर चौकमा आयुर्वेदिक पद्धतिमा उपचार हुने नागरिक आरोग्य केन्द्र स्थापना गरी निशुल्क उपचारको व्यवस्था मिलाईएको छ। यसमा पालिका तर्फबाट जनशक्ति, घर, औषधि सहित अन्य लजिष्टिक सामाग्री व्यवस्थापन गरिएको छ । नशा, हाड र पेट सम्बन्धि उपचारका लागि यो केन्द्र पहिलो वर्षमा नै निकै प्रभावकारी भएको छ।

**रोजगारी तर्फ**

पालिका क्षेत्रमा पर्याप्त रोजगारीको अवसर सृजना गर्ने हाम्रो गत वर्षको घोषणा अनुसार कोशी बाढीबाट क्षतिग्रस्त भई पूनर्स्थापनाको क्रममा रहेको यस भेगका यूवाहरुको लागि योग्यतामा आधारित रोजगारी सृजना गर्ने कार्यक्रमहरु यो वर्ष सञ्चालन भएका छन् ।

१. पालिकाबाट सञ्चालन भएको शिक्षक सेवा तयारी कक्षामा सहभागि मध्ये ९ जनाले शिक्षक सेवा आयोग पास गरेको अवस्था छ ।

२. यो वर्ष पनि विपन्न ५५ जना छात्रामहिलाहरुका लागि शिक्षक अनुमति पत्र तयारी कक्षा सञ्चालन गरियो ।

३. अनुमति पत्र पास भई शिक्षक सेवा आयोगमा फाराम भरेका मध्ये ४० जनाका लागि शिक्षक सेवा आयोग तयारी कक्षा सञ्चालन गरियो । विभिन्न कारणले घरबाट बाहिर जान नसक्ने छात्रा/महिलाहरुका लागि यो कक्षा निकै लाभदायक भएको स्वयम सहभागिहरुको प्रतिक्रिया छ ।

४. चालु वर्षमा मात्रै ४० जनाले निशुल्क लोकसेवा तयारी कक्षा लिएका छन् ।

५. सुरक्षा निकायमा करियर देख्ने झण्डै ६० जना युवा युवतीका लागि सुरक्षा निकायमा भर्नाका लागि तयारी कक्षा र अभ्यास कक्षा सञ्चालन भएको छ । सामाजिक जीवन केन्द्रले सहजिकरण गरेको उक्त कार्यक्रम निकै लोकप्रिय भएको छ ।

६. गाउँपालिकामा सञ्चालन भएको गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम मार्फत यो वर्षमा ९० जना नयाँ उद्यमी सृजना भएको छ भने ४० जना पुराना उद्यमीहरुको स्तरोन्नती सहित प्रविधि सपोर्ट गरिएको छ ।

७. सशर्त कार्यक्रमका अतिरिक्त अध्यक्ष उद्यमशिलतामा आधारित रोजगारी कार्यक्रम कार्यान्वयन गरी ५० जनालाई उद्यमशीलता विकास तालिम प्रदान गरिएको छ।

८. राष्ट्रिय मावि सोभनपुरमा सञ्चालन गरिएको प्राविधिक धारको पढाईले पनि दिर्घकालमा रोजगारी वृद्धिमा ठूलो टेवा पुग्ने विश्वासका साथ कोशी जनता मावि हरिपुरमा समेत प्राविधिक धारको पढाईका लागि सम्बन्धित निकायमा प्रस्ताव पेश गरिएको छ ।

९. प्रधानमन्त्री रोजगार कार्यक्रमतर्फ ८० जनाल औषतमा ५० दिनको रोजगारी पाएका छन् ।

**कृषि तर्फ**

१. अध्यक्ष कृषि आधुनिकीकरण कार्यक्रम मार्फत स्थानीय किसानहरुलाई प्रोत्साहन गर्ने कार्यक्रम अन्तर्गत विभिन्न वडाबाट किसानहरुले सिंचाईमा अनुदान माग गरे अनुसार चालु आर्थिक वर्षमा कम्तिमा ५० जनालाई लागत साझेदारीमा मोटर अनुदान र बोर्डिङ्ग जडान अनुदान प्रदान गरिदैछ ।

२. पालिकाबाट सञ्चालित कृषिका सशर्त कार्यक्रमहरुमा कृषकहरुको पहुँच वृद्धि गरिदै लगिएको छ।

३. सशर्त कार्यक्रम अन्तर्गत तोकिएको मापदण्ड पुरा गरेका किसानहरुलाई लागत साझेदारीमा अनुदान उपलब्ध गराईएको छ।

४. धान खेति गर्ने किसानहरुलाई समयमै उन्नत धानको बिउ उपलब्ध गराईएको छ।

**न्यायिक समितितर्फ**

१. यस आ.व.मा ८२ वटा मुद्दाहरु दर्ता भएकोमा विगतदेखि हालसम्मका जम्मा ७९ वटा मुद्दाहरू फैसला भै न्यायनिरूपण तथा विवाद समाधान भएको छ ।

**भौतिक पूर्वाधारतर्फ**

१. पहिलो वर्षमा स्वास्थ्य र रोजगारीलाई बढी प्राथमिकतामा राखि विकास कृयाकलाप सञ्चालन गरिएकोमा शिक्षा र भौतिक पूर्वाधारको विकासलाई बेवास्ता गरेका भने होइन । यो वर्षमा राष्ट्रिय मावि लौकही, राष्ट्रिय मावि सोभनपुरको भवन निर्माण कार्यले गति लिएको छ । प्रभाकर टोलको आधारभूत विद्यालयमा बाउण्डरी वालको काम भएको छ।

२. गाउँपालिकाले शुरु देखिनै वहुवर्षिय ठेक्काको नीति लिई भौतिक निर्माण कार्य गर्दा थोरै बजेटबाट पनि उपलब्धिमूलक कार्य भएको छ। पालिकामा हाल सम्म १९.८ किलो मिटर कालोपत्रे सडक निर्माण सम्पन्न भएको छ। त्यस्तै नाला ४.२ किलोमिटर, ग्राभेल ७२ किलोमिटर र आरसिसी ढलान ५.५ किलोमिटर भएको छ। हाल ३७ किलोमिटर सडक कालोपत्रे गर्ने ठेक्का लागि निर्माणाधिन अवस्थामा छ। सो निर्माण सम्मपन्न भएपछि पालिकामा जम्मा कालो पत्रे ५७ किलोमिटर सडक कालोपत्रे हुनेछ।

३. भवन तर्फ बर्थिङ सेन्टर भवन ३, सामुदायिक भवन ३ विद्यालय ४ कोठे ८, दुई कोठे ७ वटा, कृषि प्रशोधन भवन १ निर्माण भएको छ। दितवहान मन्दिर १, भगवति मन्दिर घेराबेरा तथा फिनिसिङ गरी जम्मा ३, कोशी ब्यारेजको मन्दिरमा धर्मशाला निर्माण, दिनाभन्द्रि मन्दिर १८ वटा निर्माण सम्पन्न भएको छ । हाल दिनाभद्रि मन्दिर १०, दुर्गा मन्दिर १ निर्माणको क्रममा रहेको छ ।

२. भौतिक पूर्वाधार तर्फ बहुप्रतिक्षित जमुवा कुम्याही हरिपुर सडक कालोपत्रे निर्माण कार्य शूरु भएको छ। जसबाट ४ वटा वडाको अधिकांश घरधुरी लाभान्वित हुनेछन् ।

३. गत आर्थिक वर्षमा ठेक्का लागेका सडक निर्माण र मन्दिर निर्माणको कार्यमा अपेक्षित क्रमागत प्रगति हाँसिल भएको छ । केहि कामहरु अषाढ मसान्त सम्ममा पुरा हुने देखिन्छन् ।

५. भौतिक पूर्वाधार निर्माणका लागि संघीय सरकार, प्रदेश सरकार तथा विभिन्न निकायसँगको सहकार्यबाट आगामी वर्षमा थप बजेट प्राप्तीको सुनिश्चितता भएको छ ।

मुलुकमा देखिएको आर्थिक संकटका कारण सिलिङ्ग अनुसार तोकिएको बजेटमा केन्द्रले व्यापक कटौति गरेको हुँदा चालु वर्षमा सोचे जस्तो विकास निर्माणका कार्यमा प्रगति गर्न नसकिए पनि चालु खर्चमा व्यापक कटौति गरेर भएपनि लक्ष्य हाँसिल तर्फ पहिलो वर्ष सकारात्मक रहेको छ।

**आदरणीय महानुभावहरु,**

**" सुरक्षित र समृद्ध कोशीको आधार, कृषि पर्यटन र दिगो पुर्वाधार"** हाम्रो दीर्घकालीन गन्तव्य हाँसिल गर्न अब म गाउँपालिकाको आगामी वर्षको नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु । यो नीति तथा कार्यक्रम तय गर्दा नेपालको संविधानको भावना, दिगो विकास लक्ष्यहरु, नेपालको पन्ध्रौ योजनाले परिलक्षित गरेका मार्गदर्शन, स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले गरेको दिशा निर्देशन, संघीय सरकारको नीति तथा कार्यक्रम, प्रदेश नं. १ सरकारको वार्षिक नीति तथा कार्यक्रमलाई मार्गदर्शनका रुपमा लिइएको छ । त्यस्तै राजनीतिक दलसँगको छलफलबाट प्राप्त सुझावहरु, स्थानीय तहको स्वमुल्याङ्कनका लागि तय गरिएका सूचकहरु, जेसि अडिट रिपोर्ट, विषयगत समितिहरुबाट प्राप्त सिफारिश र हाम्रा कार्यपालिका सदस्यहरु र आम गाउँबासीहरुबाट प्राप्त सुझावहरुलाई नै प्रमुख आधार मानी तयार गरिएको हो ।

**सार्वजनिक सेवा एवं सुशासन प्रर्वद्धनः**

**१.**सेवा प्रवाहमा पारदर्शिता, जवाफदेहिता र उत्तरदायित्वलाई थप सुदृढ तुल्याइनेछ । डिजिटल नागरिक वडा पत्रको प्रभावकारी कार्यान्वयन गरिनेछ । सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण लगायतका विधि गाउँ कार्यपालिका सँगै मातहतका निकायमा पनि लागु गरिनेछ ।

२. यस वर्षमा अनिवार्य रुपमा गाउँपालिकाको आफ्नै प्रशासनिक भवनका लागि जग्गा अधिग्रहणको कार्य गरिनेछ । जग्गा अधिग्रहण नयाँ भवन नबनेसम्मका लागि सेवा प्रवाहमा सहजताका लागि उपयुक्त स्थानमा कार्यालय स्थानान्तरण गर्ने नीति लिएको छु ।

३. गाउँपालिका अन्तर्गतका शाखाहरुमा जनप्रतिनिधिको निगरानी बढाउन हाल रहेका विषयगत समितिहरु विघटन गरिनेछ । चालु गाउँ सभाबाट विषयगत विज्ञताको आधारमा सदस्यहरु रहनेगरी नयाँ विषयगत समितिहरु गठन गरिनेछ ।

४. स्थानीय सरकारलाई संविधान प्रदत्त एकल अधिकार प्रयोगका लागि आवश्यक कानून तथा कार्यविधि निर्माणको कामलाई पुरा गरिनेछ । संघ तथा प्रदेश सँगको साझा अधिकार सुचीमा रहेको क्षेत्रका सम्बन्धमा आवश्यक समन्वय गरि आफ्नो अधिकार क्षेत्रको पूर्ण सदुपयोगका लागि आवश्यक कानूनी परामर्श लिई कार्यविधि निर्देशिकाहरु तयार गरि लागु गिरनेछ ।

५. वडा कार्यालयहरुमा जनताले तिर्नुबुझाउनुपर्ने शुल्क, कर, राजश्व तिर्ने माध्यमलाई सहज बनाउन बैंकसँगको सहकार्यमा डिजिटल भूक्तानि विधि लागु गरिनेछ ।

६. न्यायीक समितिको सचिवालयलाई व्यवस्थित गरिनेछ । न्यायीक समितिमा आउने विवादहरु मध्ये बढी मात्रामा आउने समान प्रकृतिका विवाद समाधानको उचित विकल्प खोजि गरिनेछ।

७. वडा वडामा मेलमिलाप केन्द्रको क्षमता अभिवृद्धि गरी मेलमिलापको माध्यमबाट विवाद समाधानका लागि प्रोत्साहन गरिनेछ ।

८. जनता सँग अध्यक्ष कार्यक्रमको प्रभावकारीतालाई मध्यनजर गर्दै यसलाई निरन्तरता दिइनेछ ।

९. पालिकाबाट करार सेवामा लिइएका कर्मचारीहरुलाई कार्यसम्पादन मूल्यांकनका आधारमा करार अवधि थप गर्ने नीति लिएको छु ।

**आर्थिक विकासः**

१. कोशी बासीको आर्थिक समृद्धिका लागि कृषि क्षेत्रको विकास अपरिहार्य छ भन्ने कुरामा कुनै दुई मत छैन । पालिकाले कृषि पेशालाई मर्यादित पेशाका रुपमा स्थापित गराउन व्यावसायिक खेतिलाई प्रोत्साहित गर्ने नीति लिएको छु ।

२. वैदेशिक रोजगारीबाट फर्केका यूवा, खेतिपातिलाई मुख्य पेशा बनाएका कृषक, महिला समुह, कृषि फर्म तथा समुहलाई लक्षित गरी विशेष कार्यक्रमहरु ल्याइनेछ ।

३.अध्यक्ष कृषि आधुनिकीकरण कार्यक्रमको दायरालाई अझ फराकिलो बनाई आधुनिक कृषि औजार वितरणमा लागत साझेदारी गर्ने योजनालाई निरन्तरता दिइनेछ ।

४.सिंचाईका लागि कृषि मोटर, कृषि विधुतिकरणको कार्यक्रम बजेटमा प्राथमिकता पाउनेछ ।

५.कृषि र पशु सँग सम्बन्धित पकेट लगायतका सशर्त कार्यक्रमबाट लाभान्वित हुने विषयमा कृषकहरुमा जानकारीमूलक तालिम सेमिनार आयोजना गरिनेछ । सशर्त कार्यक्रमबाट कृषकले बढी भन्दा बढी लाभ लिने वातावरण निर्माण गर्ने नीति लिएको छु ।

६.कृषकलाई प्रभावकारी सेवा दिनका लागि कृषि शाखालाई अझ व्यवस्थित गरिनेछ ।

७.पालिकाक्षेत्रको कृषि उपजको उचित मूल्य प्राप्त गर्न शहरी क्षेत्रको तरकारी बजारसँग समन्वय गरिनेछ ।

८.पालिका क्षेत्रको खाद मलका डिलरहरुलाई वडा कार्यालय र कृषि शाखा मार्फत नियमन गरिनेछ ।

९.उत्कृष्ट पशुपालक किसानलाई प्रोत्साहन स्वरुप सार्वजनिक रुपमा सम्मानित गर्ने कार्यको थालनी गरेको छु ।

१०.व्यावसायिक पशुपंक्षीका आधुनिक फर्महरु खोल्न प्रोत्साहन तथा सहयोग गरिनेछ । पशुपंक्षीको दानामा प्रयोग हुने मकै भटमास जस्ता बालीहरु र घाँसको खेतिको प्रबर्द्धन गरी गुणस्तरीय पशु आहारको उपलब्धता बढाइनेछ ।

११.उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रमलाई जोड दिइनेछ ।

१२.सार्वजनिक निजी साझेदारीमा दुग्ध संकलन केन्द्र, चिस्यान केन्द्र सञ्चालनमा जोड दिइनेछ ।

१३.कृतिम तथा प्राकृतिक गर्भधारण सेवा विस्तार गरी उन्नत नश्लका पशुहरुको संख्यामा वृद्धि गरिनेछ ।

१४.पशुपालक किसानहरुलाई व्यवसाय दर्ता, व्यावसायिक योजना निर्माण र बजारिकरणका लागि उद्यमशिलता विकास तालिम प्रदान गरी सहजिकरण गरिनेछ ।

१५.कृषि तथा पशु शाखामा दरबन्दि अनुसारको प्राविधिक जनशक्ति पदपुर्ति गर्न गराउन तदारुकताका साथ व्यवस्था मिलाइनेछ । नियमित रुपमा टोल टोलमा पशु प्राविधिकबाट घुम्ती सेवा सञ्चालन गरिनेछ ।

**रोजगारी तर्फ**

**१.** कोशीका यूवाहरुलाई रोजगारीमा आवद्धताका लागि क्षमता विकास कार्यक्रमलाई निरन्तरता दिने नीति लिएको छु । चालु वर्षमा सञ्चालन गरिएका तयारी कक्षाको प्रभाव मूल्यांकन गरी आगामी वर्षमा निरन्तरता दिइनेछ ।

**२.** लोकसेवाका कक्षाहरुमा प्राविधिक कक्षाका लागि पनि तयारी कक्षा सञ्चालन गरिनेछ । तयारी कक्षा सञ्चालन कार्यलाई समय अनुसार व्यवस्थित गरिनेछ ।

**३.** पालिकाबाट सञ्चालन भएका तयारी कक्षामा भाग लिने सहभागीहरुको व्यवस्थित अभिलेख राखिनेछ ।

**४.** आत्मनिर्भरता सहितको समृद्ध पालिका निर्माणका लागि पालिकाकै गौरवको कार्यक्रमका **रुपमा उद्यमशिलतामा आधारित रोजगार सृजना कार्यक्रम** लाई निरन्तरता दिईनेछ ।

**५.** उद्यमशिलता कार्यक्रम मार्फत सिप विकास तालिम सञ्चालनलाई विस्तार गरिनेछ । हाल सम्म पालिकाका तर्फबाट सिप विकास तालिम लिएका व्यक्तिहरुको अभिलेख तयार गरी पालिकाबाट दिने प्रविधि सपोर्टमा त्यस्ता व्यक्तिलाई प्राथमिकता दिईनेछ ।

**६.** पालिकामा रहेको उद्यम विकास शाखालाई व्यवस्थित गरी स्थानीय स्तरमा उद्यमी सृजना, रोजगारी वृद्धि, सुशासन प्रवर्द्धन जस्ता विषयमा स्थानीयको सुझाव संकलन गर्न Idea Bank को स्थापना गरिनेछ । स्वदेश तथा विदेशमा रहेका कोशी बासीलाई Idea Bank मार्फत नेटवर्कमा आबद्ध गरिनेछ । प्राप्त Idea विश्लेषण गरी उपयुक्त लागेमा क्रमश कार्यान्वयनमा लगिनेछ ।

७. सिटी सफारी तथा विद्युतीय सवारी साधनको लागि पालिका तर्फबाट तीन वटा चार्जिङ स्टेशन स्थापना गरिनेछ। चार्जिङ स्टेशनबाट चार्ज गर्दा लागत र समयको समेत बचत हुनेछ। यसबाट सिटी सफारी चलाई उद्यम गर्ने २ हजार परिवार प्रत्यक्ष लाभान्वित हुनेछ।

८. स्थानीय उद्यमीहरुलाई उद्योग व्यवसाय दर्ताको सहजिकरण गर्ने, कागजात तयार गर्ने कार्य उद्यम विकास शाखाबाट गर्ने व्यवस्था मिलाइनेछ। घरेलु तथा साना उद्योग कार्यालयसँग समन्वय गरी समय समयमा व्यवसाय दर्ता शिविर सञ्चालन गरिनेछ।

९. पालिका क्षेत्रमा सञ्चालित बैंक तथा वित्तिय संस्थालाई नेपाल राष्ट्र बैंकले तोके अनुसार सामाजिक उत्तरदायित्वको कार्यक्रम पालिका क्षेत्रमै गर्न समन्वय सहजिकरण गरिनेछ। पालिका क्षेत्रका उद्यमीलाई पनि सहुलियत ऋण लिने प्रकृया सम्बन्धमा जानकार बनाउन बैंक तथा वित्तीय संस्थासँगको समन्वयमा वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ।

१०. समृद्ध कोशी निर्माणको अर्को महत्वपूर्ण आधार पर्यटन नै हो। पर्यटन क्षेत्रको विकास मार्फत रोजगारी वृद्धि गर्ने र आर्थिक विकासमा टेवा पुर्याउने उद्येश्यले पर्यटन क्षेत्रको विकासका लागि प्राथमिकताका साथ बजेट विनियोजन गरिनेछ।

११. पालिका क्षेत्रमा कृयाशिल सहकारीको सघन अनुगमन गरिनेछ।सहकारी ऐन अनुसार कृयाकलाप सञ्चालन नगर्ने, नियमित सभा नगर्ने तथा पालिकामा प्रतिवेदन नदिने सहकारीको दर्ता खारेज गरी वास्तविक सहकारी संख्या यकिन गरिनेछ।

१२. मल मात्र बिक्रि गर्ने कृषि सहकारीलाई कृषि सम्बन्धि अन्य गतिविधि गर्न निर्देशन दिईनेछ। विधानमा उल्लेखित कृयाकलाप सञ्चालन नगरी सिमित कृयाकलाप सञ्चालन गर्ने सहकारी माथी कडाई गरिनेछ।

१३. विपन्न महिलाहरुको ठूलो संख्यामा आबद्धता रहेको कोशी महिला बचत तथा ऋण सहकारी र सप्तकोशी महिला बचत तथा ऋण सहकारीको संस्थागत क्षमता विकासका लागि केहि समयका लागि जनशक्ति व्यवस्थापन गर्ने नीति लिएको छु।

**सामाजिक विकास सम्बन्धीः**

१. सामाजिक रुपमा पछि परेका समुदाय, वर्गलाई सचेतनामूलक कार्यक्रम मार्फत मूल धारमा ल्याउने नीति लिएको छु। पालिकाबाट सञ्चालन हुने कृयाकलापमा यस्ता समुदाय, वर्गलाई प्राथमिकतामा राखिनेछ।

२. सामाजिक समानता कायम गर्न पालिकाबाट सञ्चालन हुने तयारी कक्षा, उद्यमशिलता कार्यक्रम, सिप विकास तालिमहरुमा सामाजिक आर्थिक रुपमा पछि परेका वर्ग समुदायलाई प्राथमिकता दिईनेछ।

३. सामाजिक सुरक्षा भत्ता उपलब्ध नहुने वर्गका अपाङ्गता भएका व्यक्तिलाई पालिकाको तर्फबाट निशुल्क स्वास्थ्य बीमा सुविधा उपलब्ध गराइने कार्यक्रमलाई निरन्तरता दिईनेछ।

४..गाउँ क्षेत्रमा निर्माण हुने पुर्वाधार महिला मैत्री, वालमैत्री तथा अपाङ्गमैत्री बनाउने नीतिलाई निरन्तरता दिइनेछ।

५. पालिकालाई आगामी २ वर्ष भित्र बालमैत्री बनाउन आवश्यक मापदण्डहरु पुरा गर्ने तर्फ कार्यक्रमहरु केन्द्रित गरिनेछ।

६. स्वास्थ्य शाखालाई व्यवस्थित बनाउन उपलब्ध जनशक्ति मध्ये ज्येष्ठतालाई मात्र आधार नमानी क्षमतावान कर्मचारीलाई स्वास्थ्य संयोजक बनाई स्वास्थ्य सम्बन्धि कार्यक्रमहरु, सेवा प्रवाह, स्वास्थ्य संस्था व्यवस्थापनलाई चुस्त दुरुस्त बनाउने नीति लिएको छु।

७.नवजात शिशु, बालबालिका गर्भवती तथा सूत्केरी महिलाको स्वास्थ्य हितका लागि पोषण सम्बन्धी कार्यक्रम संचालन गरिनेछ। गर्भवती महिलाहरुको अध्यावधिक रेकर्ड खडा गरी सुत्केरी हुन्जेल सम्म तथा नवजात शिशुको खोपको सुनिश्चितता हुने प्रविधिको विकास गरी लागु गरिनेछ।

८. शिशु जन्मेको ३५ दिन भित्र जन्म दर्ता गराउन आउदा शिशु पोषण खर्च वापद रु.१०००। वडातहबाटै उपलब्ध गराउने ब्यबस्था निरन्तरता दिईनेछ।

९. संघीय नीति अनुरुप स्थानीय कृषिजन्य वस्तुबाट उत्पादित पोष्टिक आहारलाई विद्यालयमा दिवाखाजाको रुपमा खुवाउने नीति लिएको छु। यसबाट करिब १० हजार बालबालिका लाभान्वित हुनेछ।

१०. सामाजिक आर्थिक रुपमा पछि परेका दलित समुदाय र कोशी क्षेत्रमा पछि परेका वर्ग समुदायका लागि विद्युत महसुलमा दिईएको अनुदान सहयोगलाई निरन्तरता दिइनेछ । प्रचार प्रसारको अभावमा चालु वर्षमा यो कार्यक्रमबाट पर्याप्त मात्रामा लाभान्वित वर्गले लाभ लिन नसकेको हुँदा यस कार्यक्रमको प्रचार प्रसारमा आवश्यक विधिको प्रयोग गरिनेछ ।

११. समाजिक अग्रज सम्मानित ज्येष्ठ नागरिकहरुको भूमिका र योगदानलाई उच्च महत्व दिईनेछ । ज्येष्ठ नागरिकहरुको घरमै स्वास्थ्य जाँच गराउने कार्यका लागि निर्देशिका बनाई कडाईका साथ लागु गरिनेछ ।

१२. गाउँपालिकाबाट प्रदान गरिने सेवाहरुमा असहाय अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक,गर्भवती, सुत्केरीलाई सेवामा अग्राधिकार दिईनेछ । अपाङ्गता भएका व्यक्तिका नाममा घर नक्शा पास गराउँदा, उद्योग व्यवसायको दर्ता/सिफारिश लिदा कर दस्तुरमा ५० प्रतिशत छुट दिने व्यवस्थालाई निरन्तरता दिइनेछ ।

१३. त्रिपक्षीय साझेदारीमा सञ्चालित अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रमलाई निरन्तरता दिइनेछ । यस कार्यक्रमबाट हाल सम्म लाभान्वित भएका व्यक्तिहरुको व्यवस्थित अभिलेख तयार गरिनेछ ।

१४. युवाहरुमा लागु पदार्थ दुर्व्यशन नियन्त्रण गरी नेतृत्व विकासका लागि परिवर्तनको अभियान नेपालसँगको सहकार्यलाई निरन्तरता दिइनेछ ।

१५. खेलकुदको विकासको लागि प्रत्येक बर्ष खेलकुद संघसंस्थाहरुको साझोदारीमा अध्यक्षकप खेलकुदको आयोजना गरिनेछ। जिल्ला तथा राष्ट्रिय स्तरमा राष्ट्रपति रनिङ शिल्ड तथा अन्य प्रतियोगिताहरुलाई लक्षित गरी माध्यमिक विद्यालयहरुमा खेलकुद प्रशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ । यसका लागि बजेट विनियोजन गर्ने व्यवस्था मिलाएको छु ।

१६. छात्रा तर्फ प्रचुर सम्भावना रहेको कबड्डि खेलमा प्रोत्साहित गर्न जिल्ला कबड्डि संघ, प्रदेश कबड्डि संघ सँगको सहयोग तथा समन्वयमा **उपाध्यक्ष कप छात्रा कबड्डी प्रतियोगिता** सञ्चालन गरिनेछ ।

१७. बोडरमा रहेको सूचना केन्द्रलाई थप व्यवस्थित गरिनेछ । मानव बेचबिखन र ओसार पसार नियन्त्रण अभियानलाई टेवा पुग्नेगरी युवा श्रोत केन्द्रमा सहयोग, स्टीक एण्ड स्टोक तालिम सञ्चालन लगायतका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१८. महिला जनप्रतिनिधिहरुको क्षमता विकासका लागि CDWN सँगको सहकार्यमा महिला नेतृत्व विकास कार्यक्रम सञ्चालन गरिनेछ । महिला वडा सदस्यहरुको नेतृत्व एंव क्षमता विकास गरी न्यायीक समितिको कार्यमा सहजिकरण गर्न सहयोग लिने नीति लिएको छु ।

१९. बालिका शिक्षालाई जोखिममुक्त र प्रभावकारी बनाउन कक्षा 5 भन्दा माथीका विद्यालय मदरसामा **सुरक्षित भविष्यका लागि स्वस्थ्य किशोरी** भन्ने परियोजना सञ्चालन गरिनेछ । यसका लागि ग्रामिण महिला विकास संस्थासँग सहकार्य गरिनेछ ।

२०. पालिकाले गत आर्थिक वर्षमा लिएको शिक्षा नीति कार्यान्वयनको चरणमा रहेको हुँदा यसलाई निरन्तरता दिइनेछ ।

२१. संस्थागत विद्यालयहरुले दिनुपर्ने अनिवार्य विपन्न छात्रवृतिका लागि पालिकाबाट नियमन गरिनेछ ।

२२. विद्यालयहरुमा खानेपानी व्यवस्थालाई व्यवस्थित गर्न सहजिकरण गरिनेछ । अध्यापन सँगै विद्यालयको वातावरण निर्माण र अतिरिक्त क्रियाकलापमा राम्रो प्रदर्शन गर्ने विद्यालयलाई प्रोत्साहन गरिनेछ ।

२३. विद्यालय मदरसाहरुमा शैक्षिक गुणस्तर सुधारका लागि प्रतिस्पर्धात्मक वातावरण तयार गर्न उत्कृष्ट विद्यालय छनौट गर्ने र सम्मानित गर्ने कार्यक्रमको थालनी गरेको छु । आगामी वर्षदेखि यसमा थप विधाको समेत विस्तार गरिनेछ।

२४. पालिकाभरीका विद्यालयहरु मध्ये एउटा विद्यालयलाई मेगा विद्यालयको रुपमा विकास गरिदै लगिनेछ ।

२५. पर्याप्त विद्यार्थी संख्या रहेको मदरसामा अध्यापनका लागि शिक्षक दरबन्दि व्यवस्था गरिनेछ । सो का लागि पालिकाभरी कायम हुने अध्यापन अनुमति पत्र उपलब्ध हुने व्यवस्था मिलाइनेछ ।

२६. विद्यार्थी संख्या, कार्यसम्पादन र आवश्यकताका आधारमा पालिकाबाट करार सेवामा लिइएका शिक्षकहरुको करार अवधि थप गरिनेछ ।

२७. चालु आर्थिक वर्षमा स्वास्थ्य सेवा विस्तारमा पालिकाले प्राथमिकता साथ लगानी गरेको हुँदा स्वास्थ्य सेवा विस्तारलाई आगामी वर्ष पनि निरन्तरता दिने नीति लिएको छु ।

२८. स्वास्थ्य चौकी, सामुदायिक स्वास्थ्य इकाई, प्रसुतिगृह, ल्याब लगायतका स्वास्थ्य संस्था सुदृढिकरणका लागि आवश्यक बजेटको व्यवस्था मिलाउनेछु । स्वास्थ्य संस्थाहरु/प्रसुतिगृह लाई लजिष्टिक सपोर्टको लागि छुट्टै बजेट सुनिश्चितता गर्ने नीति लिएको छु ।

२९. चालु वर्षमा लोकप्रिय कार्यक्रमको रुपमा सावित भएको घुम्ति अल्ट्रासाउण्ड सेवालाई निरन्तरता दिने नीति लिएको छु । आगामी वर्षमा ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र गर्भवती महिलालाई लक्ष्यित गरी घुम्ति ल्याब सेवा विस्तार सम्बन्धमा सम्भाव्यता अध्ययन गरी उपयुक्त व्यवस्था मिलाउने नीति लिएको छु ।

३०. चालु वर्षमा पालिकामा १५ शैय्याको अस्पताल निर्माण गर्ने योजना रहेपनि जग्गाको समस्या भएकोले आगामी आर्थिक वर्षमा अस्पतालका लागि अनिवार्य रुपमा जग्गा अधिग्रहण गर्ने कार्य पुरा गरिनेछ ।

३१. ग्रामिण पत्रकारीताको विकासका लागि फेलोसिप कार्यक्रम सञ्चालन गरिनेछ ।

३२. हरेक चौमासिकमा सञ्चारकर्मीहरुसँग प्रगति समिक्षा गरिनेछ ।

**राजश्व परिचालन एवम् श्रोत अभिवृद्धिः**

१. राजश्व असूली कार्यलाई पारदर्शी र सरल बनाउन बैंकसँगको सहकार्यमा डिजिटल माध्यमबाट राजश्व तिर्ने व्यवस्था लागु गरिनेछ । यसका लागि भरतपुर महानगरपालिका लगायत मुलुकमा केहि नगरपालिकामा लागु यो प्रविधिबारे आवश्यक अध्ययन गरिनेछ ।

२. कर प्रणालीलाई व्यवस्थित र प्रभावकारी बनाउने सवालमा व्यापारी व्यवसायीहरुको प्रतिनिधिमुलक संस्था स्थानीय उद्योग वाणिज्य संघसंग सहकार्य र समन्वय गर्दै अगाडी बढने नीति लिइनेछ ।

३. व्यावसायिक प्रयोजनका लागि घर भाडा लगाउने सबै घरधनिलाई घरबहाल करको दायरामा ल्याइनेछ । यसका लागि चालु अधिवेशनबाट घर बहाल कर सम्बन्धि कार्यविधि पारित गर्ने नीति लिएको छु ।

४. पालिका स्थापना भएदेखि हाल सम्म कुन कुन श्रोतबाट के कति आन्तरिक श्रोत असुल भयो त्यस्को सालवसाली तुलनात्मक तालिका बनाइनेछ । यसबाट दीर्घकालमा पालिकालाई आत्मनिर्भर बनाउनका लागि श्रोतको खोजी गर्ने नीति विश्लेषण गर्न सहज हुने विश्वास लिएको छु ।

५. हाल ठुलो हिस्सा रहेको आन्तरिक श्रोतको आगामी वर्षमा सुनिश्चितताको अवस्था र विकल्प खोजीका लागि जनस्तर सुझाव संकलन गर्ने नीति लिएको छु ।

**पूर्वाधार तथा भौतिक विकासः**

१. पालिकाको अधिकांश सडक र मन्दिर समेटी प्याकेजमा लगाइएको बहुवर्षीय ठेक्का पूरा हुने अन्तिम आर्थिक वर्ष २०८०/८१ रहेको र सोही वर्ष २२ करोड भूक्तानीको दायित्व पालिकाले व्यहोर्नुपर्ने भएको हुँदा अति आवश्यक योजना बाहेकका योजनालाई निरुत्साहित गर्दै ठेक्कामा बजेटको सुनिश्चितता गर्ने नीति लिएको छु ।

२. अपेक्षित प्रगति हाँसिल हुननसकेको ठेक्काहरुको हकमा ताकेता गरी समयमै कामसम्पन्न गर्ने वातावरण निर्माण गरिनेछ ।

३. आर्थिक वर्ष २०८०/८१ मा अधिकांश वहुवर्षिय ठेक्काको काम सम्पन्न हुने हुँदा आगामी तीन वर्षका लागि बाँकी रहेका अधिकांश कृषि सडक र विद्यालय/मदर्शाको पूर्वाधारलाई प्याकेज बनाई बहुवर्षिय ठेक्का निकाल्ने नीति लिएको छु ।

४. पालिका क्षेत्रमा एउटा पनि फोहोर व्यवस्थापन केन्द्र नभई आलोचित भइरहेको कुरालाई मध्यनजर गरी फोहोर व्यवस्थापन केन्द्र सञ्चालनका लागि उचित व्यवस्थापन गरिनेछ । त्यसका लागि बजेट विनियोजन गरिनेछ ।

५. चालु वर्षमा घेराबेराको शुरुवात गरिएको खेलमैदानमा थप पूर्वाधार निर्माणको कामले प्राथमिकता पाउनेछ ।

**६.** गाउँ गाउँ टोल टोलमा कालो पत्रे वा ढलाई सडक निर्माण पश्चात त्यसको उचित संरक्षण र मर्मत सम्भारका लागि टोल विकास समिति गठन तथा परिचालनको कार्यलाई आगामी वर्षमा तिव्रता दिने नीति लिएको छु ।

**आदरणीय महानुभाबहरु,**

अब म मैले प्रस्तुत गरेका नीति तथा कार्यक्रमहरु कार्यान्वयनका लागि बजेट बिनियोजन र श्रोत ब्यबस्थापनको अनुमान प्रस्तुत गर्न चाहन्छु ।

क) आगामी आर्थिक बर्षको नीति तथा कार्यक्रमहरु कार्यान्वयनगर्न सामाजिक सुरक्षा बाहेक रु. ४९ करोड ४९ लाख ९५ हजारको कुल बजेट तर्जुमा गरेको छु र यस मध्ये चालु खर्च तर्फ रू. २८ करोड ३६ लाख ३२ हजार १३५ र पूँजीगततर्फ रू. २१ करोड १३ लाख ६२ हजार ८६५ खर्चको अनुमान पेश गरेको छु

(ख) सामाजिक सुरक्षा भत्ता तर्फ खर्च हुने १३ करोड ५० लाखको छुटै अनुमान प्रस्तुत गरेको छु ।

(ग) आगामी बर्षका लागि माथि अनुमान गरिएको खर्च बेहोर्ने श्रोतहरु मध्ये निम्नानुसारको श्रोतबाट निम्नानुसार बजेट प्राप्त हुने अनुमान पेस गरेको छु ।

१. संघीय सरकार बितीय सामानीकरण. रु.१२,९७,००,००० । (१२ करोड ९७ लाख)

२. संघीय सरकार राजश्व बाँडफाड रु.१०,७९,०१,०००। ( १० करोड ७९ लाख १ हजार)

३. संघीय सरकार शशर्त संचालन अनुदान रु. १९,९२,००,०००। ( १९ करोड ९२ लाख)

४. संघीय सरकार सशर्त पुँजीगत रु १,१४, ००,०००। (१ करोड १४ लाख)

५. संघीय सरकार विशेष अनुदान पूँजीगत रु.१,१५,००,०००।(१ करोड १५ लाख)

६. प्रदेश सरकार बितिय सामानिकरण रु. ८२,७८,०००। (८२ लाख ७८ हजार)

७. प्रदेश राजश्व सवारी साधन कर रु. ४५,९४,०००। ( ४५ लाख ९४ हजार)

८. प्रदेश शसर्त अनुदान रु १०,२५,०००। (१० लाख २५ हजार)

९. प्रदेश समपुरक अनुदान रु ९७,००,०००। (९७ लाख)

१०. सडक बोर्ड रु २०,००,०००। (बीस लाख)

११. बन रोयल्टी रु १५,००,०००। (पन्ध्र लाख)

१२. आन्तरिक आम्दानी रु. २,००,०००। (२ करोड)

१३.मालपोत रजिष्ट्रेशन रु. ६०, ००,०००। ( ६० लाख)

१४. संचितकोष मौज्दात रु. २०,००,०००। (बीस लाख)

**जम्मा रू. ४९ करोड ४९ लाख ९५ हजार ।**

**आदरणिय महानुभावहरु,**

मैले प्रस्तुत गरेको गाउँपालिकाको नीति कार्यक्रम अनुसार बजेट निर्माण भई कार्यान्वयनमा आउँदा रोजगारी सृजना देखि शिक्षा स्वास्थ्य क्षेत्रमा देखिने गरी सकारात्मक परिवर्तन हुने विश्वास लिएको छु ।

अन्तमा,यो बार्षिक नीति कार्यक्रम तथा बजेट निर्माण गर्न महत्वपुर्ण सहयोग गर्नु हुने उपाध्यक्ष ज्यु, प्रमुख प्रशासकीय अधिकृत लगायत विषयगत समितिका सदस्य ज्यूहरु,राजश्व परामर्श समितिका पदाधिकारी ज्यूहरु, कार्यपालिकाका सम्पुर्ण सदस्य ज्यूहरु, गाँउसभा सदस्य ज्युहरु, गाँउपालिकाका सम्पुर्ण कर्मचारी साथीहरु एंव सरोकारवालाहरुलाई हार्दिक धन्यबाद दिन चाहन्छु ।

**आदरणीय सभा सदस्यहरु,**

आगामी आर्थिक बर्षका लागि पेस भएको बजेट नीति कार्यक्रम र यसैसंग सम्बन्धित आर्थिक बिधेयक, बिनियोजन विधेयक उपर सघन छलफल गरि पारित गरिदिनु हुनेछ भन्ने बिश्वासकासाथ बिदा चाहन्छु ।

धन्यवाद !!

ऐयुव अंसारी

अध्यक्ष

असार ७, २०८०